# राम-युग मल्ल प्रतिष्ठानको विधान

**देशमा विभिन्न संघ संगठनहरुले सामाजिक, आर्थिक र सांस्कृतिक बिकाशमा उल्लेखनिय सेवाहरु पुरयाउदै आएकोमा सोहीवाट प्रेरित भई र परंपरा देखि हाम्रा पुर्खाहरुले समाजको विभिन्न क्षेत्रमा आआफ्नो बिवेक तथा बुद्धिले भ्याए सम्मको सेवा र सहयोग गर्दै आईरहेको परम्परालाई निरन्तरता दिई सामाजिक सेवाको उच्चतम मूल्य र मान्यतालाई हृदयंगम गरी पुर्खाहरुको स्मृतिमा ब्यवस्थित संस्थाको आबश्यकता महशुस गरी बिशुद्ध मानविय सेवाको भावनाले सवैलाई एकजुट गराई संगठित शक्तिको स्थापना गर्ने दृढ संकल्प सहित रामयुग मल्ल प्रतिष्ठान स्थापना गर्ने निर्णय गरिएको छ ।**

**परिच्छेद १**
**नामाकरण र परिभाषा**

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस विधानको नाम "रामयुग मल्ल प्रतिष्ठानको विधान २०५३" वा अंग्रजीमा "Ram-yug Malla Foundation Constitution 1997" राखिएको छ ।

ख) यस प्रतिष्ठानको नाम "राम-युग मल्ल प्रतिष्ठान" रहेको छ । अंग्रजीमा यस प्रतिष्ठानको नाम "Ram–yug Malla Foundation" भनिनेछ ।

ग) यो विधान दर्ता भएको मिति देखी लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा:

क) विधान भन्नाले "रामयुग मल्ल प्रतिष्ठान २०५३" वा अंग्रेजीमा "Ram-yug Malla Foundation Constitution 1997" को विधान सम्झनु पर्दछ ।

ख) प्रतिष्ठान भन्नाले "रामयुग मल्ल प्रतिष्ठान २०५३" लाई सम्झनु पर्दछ ।

**३) प्रतिष्ठानको छापः**

गोलाकार पृथ्वीको विचमा मन्दिर आकार भित्र माथी ॐ र विचमा स्वस्तिक चिन्हको वरिपरी प्रतिष्ठानको नाम नेपाली र अंग्रजीमा स्थापित साल अंकित प्रतिष्ठानको छाफ हुनेछ ।

**४) प्रतिष्ठानको कार्यलयः**

प्रतिष्ठानको मुख्य कार्यलय चितवन जिल्लाको भरतपुर नगरपमलिका वडा नं १० भरतपुरमा हुनेछ रर आबश्यकता हेरी देश विदेशको विभिन्न ठाउमा शाखा तथा प्रशाखा खोल्न सकिने छ ।

## परिच्छेद २
## उदेश्य

**५. उदेश्यः**

क) नाफाको दृष्टिले नहेरी, विशुद्ध समाज सेवामा समर्पित रही सेवामूलक कार्यहरु गरी समाजमा ब्याप्त गरिवी, अज्ञानता र पछौटेपन हटाउन संस्थागत प्रयास गर्ने ।

ख) देशको मेरुदण्ड मानिएका जनवर्गको चौतर्फी प्रतिभा विकाशको लागी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

ग) हेरक व्यक्तिलाई एक मानवताको दृष्टिले हेरी सवैलाई कुनै पनि सामाजिक, धार्मिक, आर्थिक र राजनैतिक भेदभाव, पक्षपात रहित सेवा र आबश्यक मद्दत गर्न प्रयत्नशिल रहने ।

घ) आधुनिक, वैज्ञानिक र अरु शैक्षिक तथा स्वस्थ्य क्षेत्रको विकास पथमा कुनैपनि दक्ष नागरिकहरुलाई अ वढि हुनसक्दो मद्दत गर्ने र समाजको हितको निम्ति नया कार्य, अनुसन्धान र आबिश्कार प्रति ध्यान दिन मौका र सहयोग गर्ने ।

ङ) संस्थापनको उदेश्य अनुरुप कार्य गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुसंग सम्बन्ध कायम गरी कार्य गर्ने ।

च) देश विकास प्रयासमा सक्दो सहयोग गर्ने ।

छ) समाजसेवा भनेको समाजको सर्वत्तोमुखी संस्कार हो भन्ने कुराको चेतना समाजमा फैलाउने ।

ज) उपर्युक्त उदेश्य संग सम्बन्धित सम्पूर्ण कार्यहरु गर्ने ।

## परिच्छेद ३
## सदस्यता

**६) सदस्यताको लागी योग्यताः**

निम्न अवस्थामा ब्यक्ति यो प्रतिष्ठानको लागी योग्य ठहरिनेछ :

क) १८ वर्ष पुगेको नेपाली नागरिक र संगठित समाज कल्याणसंग आबद्ध संस्था ।

ख) यस प्रतिष्ठानको विधानलाई स्वीकारी प्रतिष्ठानको प्रति श्रद्धा र निष्ठा राख्ने अन्य नेपाली नागरिक ।

७) सदस्यताको प्रकारः

- क) संस्थापक सदस्य
- ख) आजिवन सदस्य
- ग) साधारण सदस्य (वार्षिक सदस्य)
- घ) विशिष्ट सदस्य
- ङ) यशस्कर सदस्य
- च) सम्मानार्थ सदस्य

प्रतिष्ठानको कार्य समितिले आबश्यक ठानेका राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरका विशिष्ट ब्यक्तिलाई सम्मानार्थ सदस्यता दिन सक्नेछ ।

**८. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः**

सदस्य शुल्कः

| | |
|---|---|
| १. संस्थापक सदस्य | १५०० र प्रवेश शुल्क १०० गरी जम्मा १६००। |
| २. आजिवन सदस्य | १००० र प्रवेश शुल्क १०० गरी जम्मा ११००। |
| ३. साधारण सदस्य | १०० र प्रवेश शुल्क १०० गरी जम्मा २००। |
| ४. विशिष्ट सदस्य | २५०००। |
| ५. यशस्कर सदस्य | १०००००। वा सो भन्दा वढि |
| ६. सम्मानार्थ सदस्य | निशुल्क |

साधारण सदस्यको हकमा जुनसुकै महिनामा सदस्यता लिएको भएता पनि अन्तिम आषाढ महिनालाई मानिने छ । संस्थापक सदस्य स्वत आजिवन सदस्य भएको मानिनेछ तथा संस्था दर्ता भएको ६ महिना भित्र संस्थापक सदस्यता लिइसक्नु पर्नेछ ।

**९. सदस्यता प्रदान गरिने विधिः**

यस विधान बमोजिम सदस्य हुन चाहनेलाई कार्य समितिको २ जना ब्यक्तिको सिफरिसमा सदस्यता प्रदान गरिनेछ

**१०. सदस्यको अयोग्यताः**

निम्न अवस्थामा प्रतिष्ठानको सदस्य हुन वा रहन अयोग्य ठहरिनेछः

क) प्रतिष्ठानको विधान उल्लंघन गरेमा ।
ख) राजिनामा दिएमा
ग) मृत्यु भएमा
घ) प्रतिष्ठानलाई हानी पुरयाएमा
ङ) शुल्क आर्थिक वर्ष अगाडीनै नतिरेमा
च) विना सूचना लगातार ३ पटक सम्म वैठकमा हाजिर नभएमा ।

## परिच्छेद ४
## साधारण सभा, कार्य समिति, सल्लाहाकार समिति र संस्थापक बोर्ड

**११. साधारण सभा गठन विधिः**

यस प्रतिष्ठानको सवै सदस्यले साधारणसभामा भाग लिन पाउने छन ।

क) साधारणसभा वर्षको एक पटक वस्ने छ ।

ख) तर कार्य समितिको अब्हान वा साधारण सभाको दुइ चौथाई सदस्यहरुले लिखितरुपमा माग गरेमा साधारणसभाको विषेस वैठक कुनै पनि वेला बस्न सक्नेछ । तर साधारण सभाको अधिवेसन गणपुरक संख्या पुग्न ५१ प्रतिशत सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

ग) पहिलोपटक अधिवेसन गणपुरक संख्या नपुगेमा दोस्रो पटक कम्तीमा २६ सदस्यहरुको उपस्थितिलाई मान्यता दिएर उपस्थिति संख्या पुगेको मानी साधारण सभा गरिनेछ ।

घ) साधारण सभाको निर्णय लिइदा सर्व सम्मतीलाई प्राथमिकता दिइनेछ । र सर्व सम्मती नभयमा बहुमतको निर्णयलाई मान्यता दिइनेछ ।

ङ) साधारण सभामा मताधिकारको प्रयोग गर्न पर्ने स्थिती आएमा सम्मानार्थ सदस्यहरु वाहेक अन्यले मतदान गर्न पाउने छ ।

**१२. साधारण सभाको काम कर्तब्य र अधिकार:**

क) प्रत्येक ३ वर्षको लागी कार्यसमितीको निर्वाचन गर्ने ।

ख) वार्षिक कार्यक्रम छलफल गरी पारित गर्ने

ग) वार्षिक आय ब्ययको जानकारी लिने, छलफ गर्ने र वजेट पारित गर्ने ।

घ) कार्य समितिको गतिविधी माथी छलफल गरी सुझाव दिने ।

ङ) कार्य समिति र त्यसमा पदाधिकारी तथा सदस्य उपर परेको अबिश्वासको प्रस्ताव माथी छलफल र मत संकलन गरी निर्णय गर्ने ।

च) संस्थापक वोर्डको विषेस निर्देशनलाई पालना गर्ने ।

**१३. कार्यसमितिको गठन:**

क) संस्थापक सदस्य मध्येवाट ६ जना

ख) आजिवन सदस्यवाट ४ जना

ग) साधारण सदस्यहरु मध्येवाट ३ जना

घ) अध्यक्ष द्धारा मनोनित साधारण वा आजिवन सदस्यहरु मध्येवाट २ जना

ङ) साधारणसभाको गोप्य मतदान द्धारा निवर्वाचन गरेको कार्य समितिमा प्रतिनिधिहरुले अवैतनिक रुपमा कार्य गर्ने छ । तर अध्यक्ष पदमा संस्थापक सदस्यहरु मध्येवाट हुनु पर्ने छ ।

**१४. कार्यसमितिमा निम्न पदमधिकारीहरु रहने छन:**

| | |
|---|---|
| क) अध्यक्ष | १ जना |
| ख) उपाध्यक्ष | १ जना |
| ग) सचिव | १ जना |
| घ) सह सचिव | १ जना |
| ङ) कोषाध्यक्ष | १ जना |
| च) सदस्यहरु ( अध्यक्ष ज्युवाट मनोनित २ जना समेत) | १०जना |

**१५. कार्य समितिको वैठक:**

क) कार्य समितिको वैठक अनिवार्य रुपमा वर्षको ४ पटक वस्नु पर्नेछ र आबश्यकता अनुसार अध्यक्षले अरु वैठक वोलाउन सक्नेछ ।

ख) समितिको वैठकमा ५० प्रतिशत भन्दा वढि सदस्यको उपस्थिति अनिवार्यरुपमा हुनु पर्ने छ ।

ग) कार्य समितिका सदस्यहरु लगातार तिन पटक सम्म विना सूचना अनुपस्थित भएमा स्पष्टिकरण दिने मौका प्रदान गरिनेछ र त्यस पछि पनि अनुपस्थित भएमा स्वत कार्य समितिवाट हटाइने छ ।

घ) समितिले वैठको निर्णय दिदा सर्व सम्मतिलाई प्राथमिकता दिइने छ र सर्व सम्मत नभएमा वहुमतको निर्णयलाई मान्यता दिइनेछ ।

**१६. कार्य समितिको काम कर्तब्य र अधिकारः**

यस विधानको अन्य दफामा लेखिएका वाहेक कार्य समितिले निम्न लिखित कार्य गर्ने छ ।

क) यो प्रतिष्ठानको दैनिक कार्य सुचारु र स्वस्थ रुपमा सञ्चालन गर्ने उत्तरदायित्व कार्य समितिको हुनेछ ।

ख) साधारण सभाले पारित गरेको निर्णयहरु कार्यान्वयन गर्ने

ग) चलअचल सम्पत्ति प्राप्त गर्ने, विकृ गर्ने। लेजदेन गर्ने अधिकार कार्य समितिलाई हुने छ तर यस्तो कार्य गर्दा साधारण सभाको स्वीकृति लिनु पर्ने छ ।

**१७. सल्लाहकार समितिः**

साधारण सभाको सुझावमा कार्य समितिले एउटा सल्लाहाकार समितिको गठन गर्नेछ जसमा देस तथा विदेशका वरिष्ठ ब्यक्तिहरु, नाम चलेका संघ संस्थाका ब्यक्तिहरु, औद्यौगिक, सामाजिक, राजनैतिक र शैक्षिक संस्थाका ब्यक्तिहरु हुनेछन ।

**१८. संस्थापक वोर्डः**

प्रतिष्ठानको संस्थापक सदस्यहरुको एउटा वोर्डको ब्यवस्था गरिएको छ । प्रतिष्ठानको दुरगामी हितको लागी विषेस परिस्थीतीमा वोर्डले गरेको निर्णयलाई साधारण सभाले समेत प्राथमिकता दिने छ र कार्य समितिलाई पनि सही निर्देशन दिन सक्नेछ ।

## परिच्छेद ५
## कार्य समितिका पदाधिकरीहरुको काम कर्तब्य र अधिकार

कार्य समितिका पदाधिकारीहरुले यस प्रतिष्ठानको विधान अनुसार कार्य गर्ने र गराउनु पर्दछ ।

**१९. अध्यक्षको काम कर्तब्य र अधिकार**

क) कार्य समितिको वैठकको साधारण सभाको अध्यक्षता गर्ने

ख) प्रतिष्ठानको नेतृत्व गर्ने

गं) प्रतिष्ठानको विधान अनुसार कार्य गर्ने गराउने

घ) आफ्नो र कोषाध्यक्षको हस्ताक्षरमा समितस्को कोष सञ्चालन गर्ने

ङ) प्रतिष्ठानको भैपरि आउने काममा रु २०००। सम्म कार्य समिति (का.स.) वाट अनुमोदन गराउने गरी खर्च गर्ने ।

**२०. उपाध्यक्षको काम कर्तब्य र अधिकारः**

क) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्नु पर्ने कार्य गर्ने

ख) अध्यक्ष अथवा कार्य समितिले दिएको अरु उत्तरदायित्व लिने

**२१. सचिवको काम कर्तब्य र अधिकारः**

क) अध्यक्षको परामर्श अनुसार कार्य समितिको वैठक वोलाउने

ख)कार्यलयको दैनिक प्रशासनिक कार्यको कार्यान्वयन, रेखदेख, नियन्त्रण र निर्देशन दिने तथा पत्र ब्यवहार गर्ने यबम प्रतिष्ठानको उदेश्य प्राप्तीको लागी राष्ट्रिय संघ, प्रतिष्ठानसंग पत्र ब्यवहार गर्ने

ग) सचिवालयको प्रमुख जिम्मेवारी वहन गर्ने
घ) साधारण सभाको अधिवेसनको निर्णय पुस्तिका राख्ने

**२२. सहसचिवको काम कर्तब्य र अधिकारः**
क) सचिवको अनुपस्थितिमा सचिवको कार्य गर्ने
ख) सचिव अथवा कार्य समितिले निर्णय गरेको अरु उत्तरदायित्व पुरा गर्ने

**२३. कोषाध्यक्षको काम कर्तब्य र अधिकारः**
क) प्रतिष्ठानको हिसाव किताव राख्ने
ख) आर्थिक प्रशासनको कार्य गर्ने
ग) अध्यक्ष र आफनो हस्ताक्षरमा कोष सञ्चालन गर्ने

**२४. सदस्यहरुको काम कर्तब्य र अधिकारः**
प्रतिष्ठानको आफनो दैनिक कायक्रममा आबश्यकता अनुसार भाग लिने र तोकेको कार्यक्रममको उदघोषक, सुपरिवेक्षक तथा समन्वयकर्ताको रुपमा कार्य गर्ने र कार्य निति वा कायक्रमको क्षेत्रमा हेरफेर गर्नु पर्ने आबश्यकता देखिएमा अरु सम्बन्धित समितिहरु खडा गर्नु परेमा यसमा राय सुझाव तथा योजना पेश गरी कार्य प्रति गतिशिलता दिने

## परिच्छेद ६
## आय श्रोत

**२५. प्रतिष्ठानको संगठन र कार्यक्रम सञ्चालन गर्न विभिन्न तहका स्रोतहरुवाट आर्थिक ब्यवस्था गरिने छ**
क) सदस्यता शुल्क
ख) नेपाल सरकारवाट प्राप्त अनुदान
ग) स्वदेसी, विदेसी, चन्दा, दान, उपहार
घ) व्यक्ति विषेसवाट स्वेच्छापूर्वक प्रदान गरिएको सहायता
ङ) औद्योगिक, शैक्षिक सम्बन्धित र अरु संघ संस्थावाट चन्दा, दान ईत्यादि
च) विविध

**२६. चल अचल सम्पत्तिको विवरणः**
प्रतिष्ठानको चल अचल सम्पत्तिको विवरण प्रत्येक वर्ष प्रकाशित गरिनेछ
ख) चन्दा दान उपहार वा सयुक्त रुपमा सञ्चालित कार्यक्रम सम्बन्धमा प्रचलित कानुनको अधिनमा रही स्वीकृति लिएर गरिनेछ

**२७. कोषः**
प्रतिष्ठानको कोषको सञ्चालन अध्यक्ष र कोषध्यक्षको सयुक्त हस्ताक्षरवाट गरिनेछ

**२८. लेखापरिक्षणः**

प्रतिष्ठानको हिसावको प्रत्येक वर्ष रजिष्टर्ड लेखापरिक्ष द्धारा लेखापरिक्षण गरिनेछ र सो को प्रतिवेदन साधारण सभा वा स्थानिय अधिकारी समक्ष पेश गरिने छ ।

## परिच्छेद ७
## निर्वाचन र उम्मेदवार सम्बन्धि

**२९. निर्वाचन कार्यविधि**

क) प्रतिष्ठानको सवै स्तरको निर्वाचन सर्व सम्मति वाट नभएमा गोप्य मतदान द्धारा बहुमतको आधारमा हुनेछ

ख) प्रतिष्ठानको पदाधिकारीहरु निर्वाचन गराउदा कार्य समितिले निर्वाचन अधिकृतको नियुक्ती गर्नेछ तर निर्वाचन अधिकृतले उम्मेदवार वन्न र कुनै पनि उम्मेदवारको प्रचार प्रशार गर्न पाउने छैन ।

**३०. उम्मेदवार हुन अयोग्यता**

क) वुझाउन पर्ने शुल्क वाकी भएमा

ख) प्रतिष्ठानको विरुद्ध मुद्धामा वा प्रतिष्ठानको विरोधी कार्यमा लागेको ब्यक्ती

ग) प्रतिष्ठानको ठेक्कापट्टा वा ब्यवसायमा संलग्न ब्यक्ति

घ) प्रतिष्ठानको कर्मचारी

ङ) कुनै सदस्यले सदस्यता प्राप्त गरेको अबधि ३ महिना नपुग्दै मतदानमा भाग लिन पाउने छैन

**३१. अविश्वासको प्रस्तावः**

प्रतिष्ठानको विधान अनुसार कार्य नगरेमा, प्रथिष्ठानलाई हानी पुरयाएमा कार्य समिति वा पदाधिकारी सदस्य प्रति अविश्वासको प्रस्ताव पेस गर्न सकिनेछ

क) अविश्वासको प्रस्ताव साधारण सभामा पेश गर्नु पर्ने छ

ख) अविश्वासको प्रस्ताव साधारण अधिकार प्राप्त साधारण सभा सदस्यहरुको एक तिहाई सदस्यहरुले कारण जनाई सोही साधारण सभामा पेश गर्न पर्ने छ । यसरी पेश भएको अविश्वासको प्रस्तावमा कुल सदस्य संख्याको २/३ सदस्यले समर्थन गरेमा प्रस्ताव पारित भएको मानिनेछ ।

## परिच्छेद ८
## विधान संसोधन र प्रतिष्ठान विघटन विधि

**३२. विधान संसोधन**

यस प्रतिष्ठानको विधान संसेधन गर्न आबश्यक ठानिएमा साधारण सभाको कुल सदस्य संख्याको २/३ सदस्यले त्यसतो विधान संसोधन प्रस्ताव सभामा पेश गरी सो सभाको सम्पुर्ण सदस्य संख्याको २/३ बहुमतले पारित गरेमा मौलिक संरचना र उदेश्य परिवर्तन नगरी दर्ता गर्ने निकायको पूर्व स्विकृति लिई संसोधन विधान लागु गरिनेछ ।

**३३. नियम बनाउने**

प्रतिष्ठानको विधानको उदेश्य कार्यान्वयन गर्न नियमहरुमा संसोधन गर्न आबश्यक वुझिएमा आबश्यक नियमहरु वनाई कार्य समितिले लागु गर्न सक्ने छ ।

**३४. सक्रमणकालीन अबस्था:**

विधान पारित गरी प्रतिष्ठानको दर्ता गर्ने लगायत कार्य शुरु गर्न एक तदर्थ समिति गठन गरिने छ र सो समितिले अधिवेसन वोलाउने र नया कार्य समितिको निर्वाचन समेत गराने छ र सोही निर्वाचित समितिलाई आफनो जिम्माको कागजात, जाय जेथा सर सामान र ब्यांक ब्यालेन्स हस्तान्तरण गर्नेछ ।

**३५. संगठित प्रतिष्ठान**

यो एक उत्तराधिकारवाला संगठित प्रतिष्ठान हुनेछ । यस प्रतिष्ठानले ब्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न राख्न र दिन सकिनेछ । आफनो नाममा नालिस उजुर गर्ने र यस उपर पनि नालिस उजुर लाग्न सक्नेछ ।

**३६. प्रष्ठिानको विघटन:**

यस विधान वमोजिम वा अन्य कुनै कारण वाट प्रतिष्ठानको विघटन भएमा यस प्रतिष्ठानको सम्पुर्ण चल अचल सम्पत्ति प्रचलित कानुन बमोजिम हुनेछ ।

**ईति**